# गेरुवा गाउँपालिका
# २०७४

## अठारौं कार्यपालिका बोर्ड बैठक
**२० चैत्र, २०७४**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल चैत्र २० गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यूको अध्यक्षतामा कार्य पालिकाको अठारौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

श्री जमान सिंह के.सी. - अध्यक्ष सभाध्यक्ष
श्री हिमा कुमारी थरुनी - उपाध्यक्ष सदस्य
श्री दयाराम बैद्य थारु - वडाअध्यक्ष, वडानं. १ ,,
श्री आलोक कुमार थारु - वडाअध्यक्ष, वडानं. २ ,,
श्री पुनाराम थारु - वडाअध्यक्ष, वडानं. ३ ,,
श्री बल बहादुर चलाउने- वडाअध्यक्ष, वडानं. ४ ,,
श्री धर्म प्रकाश थारु - वडाअध्यक्ष, वडानं. ५ ,,
श्री टेक बहादुर चौधरी - वडाअध्यक्ष, वडानं. ६ ,,
श्री शान्ती चौधरी - सदस्य ,,
श्री राजु बडुवाल खत्री - सदस्य ,,
श्री चन्द्ररुपा कामी - सदस्य ,,
श्री मोवीला शर्मा पौडेल - सदस्य ,,
श्री लक्षिण बहादुर नेपाली - सदस्य ,,
श्री बम बहादुर वि क. - सदस्य ,,
श्री भीम बहादुर खत्री - प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**प्रस्तावहरु**

**१ कार्यक्रम प्रस्ताव संकलन तथा एकिकृत योजना तयार पार्ने र प्रस्तावीत कार्यक्रमहरु र ऐन/नियम/कार्यविधिहरु निर्माण,परिमार्जन गर्ने सम्बन्धमा**

**२ भवन निर्माण डि पि आर, एकिकृत, सडक गुरु योजना, कृषि नीति, पर्यटन नीति र भवन निर्माण मापदण्ड/आचार निर्माण गर्ने स्वीकृति सम्बन्धमा**

**३ बिबिध**

**(क) कर्मचारी दरवन्दी O & M सर्वेक्षण तथा व्यवस्थापन प्रस्ताव समिति गठन गर्ने सम्बन्धमा**

**(ख) नियमित बोर्डबैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

**१ कार्यक्रम प्रस्ताव संकलन तथा एकिकृत योजना तयार पार्ने र प्रस्तावीत कार्यक्रमहरु र ऐन/नियम/कार्यविधिहरु निर्माण,परिमार्जन गर्ने सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा २०७४/१२/२२ गते सम्पन्न हुने गेरुवा गाउँपालिकाको दोश्रो गाउँसभाबाट आगामी बर्ष सञ्चालन हुने महत्वाकांक्षी योजनाहरुको प्रस्ताव गरी पेश गर्नका लागि टोल भेला, वडा भेला र वडा कार्यपालिका समेतबाट अनुमोदन गरी **एकिकृत बजेत तथा कार्यक्रम तर्जुमा समिति** मार्फत गाउँसभामा पेश गर्ने र गाउँसभाबाट स्वीकृत हुनु पर्ने थप अत्यावश्यक ऐन नियमहरु निर्माण गरी स्वीकृतिका लागि पेश गर्न प्रताव तयार पारी बिधायन समिति मार्फत कार्यपालिकामा पेश गर्ने गरी विषयगत समितिहरुलाई निर्देशन गर्ने निर्णय गरियो । ।

**२ भवन निर्माण डि पि आर, सडक गुरु योजना, कृषि नीति, पर्यटन नीति र भवन निर्माण मापदण्ड/आचार निर्माण गर्ने स्वीकृति सम्बन्धमा**

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकामा निर्माण हुने देहाय वमोजिमका कार्यक्रमहरु देहाय वमोजिम गर्ने निर्णय गरियो ।

**१) गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालय भवनहरु निर्माणका लागि ड्इङ, डिजाइन, इस्टीमेट लगायत विस्तृत (DPR) तयार गर्न चालु आ.व को स्वीकृत भवन निर्माण शिर्षकबाट भुक्तानी दिने गरी रु.१२,००,०००।-(बाह्र लाख मात्र) मा नबढाई प्राविधिक परामर्श सेवा लिने गरी काम अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।**

**२) गाउँ यातायात गुरु योजना (VTMP) तर्जुमा गर्नको लागि चालु आ.व मा अध्ययन तथा प्राविधिक परामर्श खर्च शिर्षकबाट रु.१०,००,०००।- (दश लाख) मा नबढाई भुक्तानी दिने गरी कार्य अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।**

**३) कृषि नीति, पर्यटन नीति र भवन निर्माण मापदण्ड/आचारसंहिता तर्जमा गर्न प्रति नीति रु. ५,००,०००।- (पाँच लाख मात्र) मा नबढाई कार्य अगाडी बढाउन कार्यपालिकको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।**

**३) बिबिध**

**(क) कर्मचारी दरवन्दी O & M सर्वेक्षण तथा व्यवस्थापन प्रस्ताव समिति गठन गर्ने सम्बन्धमा**

**(क) यस गाउँपालिका अन्तर्गत आबश्यक कर्मचारीहरुको लागि बिश्लेषण र सर्वेक्षण सहितको प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सवै बिषयगत शाखाका संयोजकहरु सहित रहने गरी O & M सर्वेक्षण तथा व्यवस्थापन प्रस्ताव समिति गठन गर्ने**

**(ख) आगामी बोर्डबैठक बस्ने सम्बन्धमा**

(ख) २०७४/१२/२२ गते विहान ८ बजे यस गाउँ कार्यपालिकाको बोर्डको नियमित १९ औं बोर्ड बैठक बसी गाउँ सभामा पेश गर्ने कार्यक्रहरु स्वीकृत गर्ने निर्णय गरियो ।